"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरका आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
प्रदेश नं. २, नेपाल
Province No.2, Nepal

पत्र संख्या/Ref.No:– **आ.प्र.शा.** २०७८/०७९
चलानी नं. 260

मिति २०७८/०४/३१

**बिषयः- प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

श्री गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट ।

प्रस्तुत बिषयमा गौर नगरपालिकाको आ.व.२०७७/०७८ को आर्थिक कारोवारहरुको स्रेस्ता, कागजात र विवरणहरुको आन्तरिक लेखा परिक्षण सम्पन्न गरी सो सम्बन्धी प्रतिवेदन यसै पत्र साथ संलग्न गरी आवश्यक कार्यार्थ पेश गरेको छु ।

२०७८/०४/३१

(सरोज कुमार लाल दास)
व.लेखा परीक्षण अधिकृत

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

बोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमान्डौ ।
श्री महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमान्डौ ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय
गौर, रौतहट ।

श्री आर्थिक प्रशासन शाखा
२०७८/४/२१

फोन नं. :– ०५५-५२०२९४ (नगर प्रमुख), ५२०२९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (वारुण यन्त्र)
Email : gaurnapa@gmail.com

# आन्तरिक लेखापरीक्षण प्रतिवेदन

**कार्यालय र स्थानः-** गौर नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,गौर रौतहट

आर्थिक वर्ष:२०७७/०७८

| | नाम | कार्यरत अवधि | | बेरुजू |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुखः | प्रमुख प्रशासकिय अधिकृत सुमन कुमार कार्की | २०७७/०४/०१ | २०७७/०५/०७ | |
| | प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान | २०७७/०५/०८ | २०७७/१२/०७ | |
| | नि.प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुर | २०७७/१२/०८ | २०७८/०३/३१ | |
| लेखा प्रमुखः | लेखा अधिकृत पबन कुमार महतो | २०७७।०४।०१ | २०७७।०८।०७ | |
| | सह लेखापाल सोहैल अंसारी | २०७७/०८/०८ | २०७८/०३/३१ | |

बजेट उपशिर्षक नं :- बिभिन्न/ कार्यालयको नाम :-गौर नगरपालिका

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गौर नगरपालिकाको २०४८ साल चैत्र ३० गतेमा तत्कालिन गौर, टिकुलिया, पुरेनवा, सिर्सिया र सवगढा गरी ५ गा.वि.स.हरु मिलि बनेको र विधिवत रुपमा २०४९ साल बैशाख २४ गतेबाट कार्यालय स्थापन भई कार्य संचालन भएको हो । संघिय लोकतान्त्रिक गणतंत्र स्थापना पश्चयात नेपालको संबिधानले परिकल्पना गरेको ३ तहको शासन व्यवस्था अन्तर्गत साविकको गा.वि.स. र न.पा. गाउपालिका र नगरपालिकामा रुपान्तर हुने व्यवस्था वमोजिम गौर न.पा. १३ वडा बाट घटेर ९ वडामा सिमित हुन पुगेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गौर नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, २१.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०६८ अनुसार १६,६४७ महिला र १८,२९० पुरुष गरी कूल जनसंख्या ३४ हजार ९३७ रहेको छ । यस नगरपालिका क्षेत्रभित्र ५६३५ घरधुरी रहेको छ । मुस्लिम, तेली कानु,कल्वार, ब्राहमण, यादव, मलाह,सहनी, वीन,दुसाध,पासवान, कुर्मी, कायस्थ,बनिया, केशरी, राजपूत, कोडरी,तत्मा, लोहार,कुम्हार,चमार आदिको बसोबास रहेको यस नगरपालिकामा ६४.६% प्रतिशत साक्षरता रहेको छ । | |
| २. | **बार्षिक बजेट स्विकृतिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहि ऐनको दफा ६५,६६ र ६७ बमोजिम प्रकृयापुर्याइ कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुसार यस नगरपालिकाले मिति २०७७/०३/०९ गते रु ४८ करोड ३६ लाख ९६ हजार ०८३ रुपयाँको बजेट सभा समक्ष पेश गरी मिति २०७७/०३/०९ मा पारित भएको छ । नगरपालिकाले यो वर्ष पूँजीगत कार्यक्रममा रु १२. करोड ७७ लाख ३० हजार ३०३ बजेट बिनियोजन गरेको छ भने चालु खर्च गरी रु १५ करोड ७३ लाख ६५ हजार ७८० र वित्तिय व्यवस्था तर्फ रु २० लाख तथा सशर्त अनुदान तर्फ १९ करोड ६६ लाख समेत गरी कुल रु. ४८ करोड, ३६ लाख ९६ हजार ०८३ रुपयाँको आय-व्ययको अनुमान पेश गरी बजेट पारीत गरेको देखिएको छ भने आथर्क वर्ष ०७७/०७८ मा बजेट थप घट हुन आएको थपघट रकम समेत समावेश गरी मिति २०७८/०३/०९ गतेको आठौं नगरसभामा संसोधित बजेट पेश भई चालु खर्च तर्फ रु ३३,२९,६६,०५०/- पूँजिगत खर्च रु १८,९९,९४,३०३/- वित्तिय व्यवस्था तर्फ २०,००,०००/- गरी कूल बजेट ५२,४९,६०,३५३/-को बजेट पारित गरेको देखिएको छ । | |

| | | | |
|---|---|---|---|
| गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपप्रमुख वा असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ | असार १० गतेभित्र | आसार १० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदाँ ६ |
| कार्यपालिकाबाट पेश भएको वजेट तथा कार्यक्रम सम्बन्धित सभाले पारित गरिसक्नु पर्नेछ । | असार मसान्त भित्र | आसार १० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ |
| सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित पालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ | श्रावण १५ भित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदाँ ६ |

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|

३.

**खर्च गर्ने अख्तियारी र कार्यविधी:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७/०७८ को आय व्ययको प्रक्षेपण २०७७ आषाढ १० मा सभावाट स्वीकृत भएको र सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अन्तर्गत यस नगरपालिकाका नगर प्रमुखले २०७७/०३/१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| बजेट कार्यान्वयन चरण | नियमको व्यबस्था | कार्य भएको मिति | सन्दर्भ कानुन |
|---|---|---|---|
| सभाबाट बजेट स्विकृत भएको मिति | असार मसान्त भित्र | २०७७/०३/१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ |
| प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान । | सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र | २०७७/०३/१० | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग, महाशाखा,शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सम्बन्धित विभाग,महाशाखा,शाखा,एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सबै विभाग,महाशाखा,शाखा,इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

४.

**सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था:-** सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन ऐन (व्यवस्थापन तथा सञ्चालन), २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ । उल्लेखित प्रावधान अनुसार नगरपालीकाले आ .व. २०७७/७८ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी वेभसाइडमा अपलोड गर्नु पर्ने देखिन्छ ।

| बिबरण | वेभसाइडमा अपलोड | सन्दर्भ कानून |
|---|---|---|
| कार्यलयको प्रगति तथा उपलब्धिहरु | अपलोड भएको | सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८ को बुदा ५(१) |
| सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम वार्षिक प्रतिवेदन | तयारी तथा अपलोड भएको | सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८ को बुदा ५(१) |
| नगरपालिकाले आफ्नो आय व्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था । | अपलोड भएको | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा७६ को उपदफा ४ |
| खरिद सम्झौताको बिबरण सहितको सुचना सम्झौता भएको ३ दिन भित्र । | अपलोड भएको | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३७ |

सरोज कुमार श्याम दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| ५. | **कानुन कार्यविधि निर्माण**:-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्र कार्य संचालन गर्दा आवश्यक ऐन, नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई सोको अधिनमा रही कार्य गर्नु पर्ने व्यवस्था रहेकोमा यस नगरपालिकाले हालसम्म देहायका ऐन, नियमावली, कार्यविधि,निर्देशिका र नर्म्स एवं कानुन,कार्यविधि तयार गरी कार्यान्यनमा ल्याएको देखिन्छ । | |

| क्र.सं. | ऐन,कार्यविधि,नियमावलीको नाम |
|---|---|
| (१) | नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४ (२.) नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ |
| (३) | नगरसभा संचालन कार्यविधि, २०७४ (४) बजार अनुगमन निर्देशिका, २०७४ |
| (५) | विनियोजन ऐन २०७४ (६) आर्थिक ऐन,२०७४ (७) नगर शिक्षा ऐन, २०७४ |
| (८) | नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको नियम, २०७४ |
| (९) | गौर नगर कार्यपालिकाको बैठक संचालन तथा व्यवस्थापन गर्न बनेको नियमावली, २०७४ |
| (१०) | एफ.एम.रेडियो(संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७४ (११) शिक्षा नियमावली, २०७४ |
| (१२) | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७४ (१३) घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७४ |
| (१४) | स्थानीय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ |
| (१५) | गौर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७४ |
| (१६) | एकिकृत सम्पतिकर व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ (१७) विनियोजन ऐन,२०७५ (१८) आर्थिक ऐन, २०७५ |
| (१९) | आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७५ (२०) न्यायिक समिति संचालन कार्यविधि,विधेयक- २०७५ |
| (२१) | नगर उद्यम विकास रणनितीक योजना,२०७५ (२२) स्थानीय स्वास्थ्य तथा सरसफाई कार्यविधि,२०७५ |
| (२३) | गौर नगरपालिकाको इन्धन वितरण सम्बन्धी कार्यविधि,२०७५ (२४) गौर नगरपालिकाको प्रशासकीय कार्यविधि,२०७५ |
| (२५) | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ |
| (२६) | गौर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि,२०७५ |
| (२७) | गौर नगरपालिकाको सवारी साधन संचालन सम्बन्धी कार्यविधि,२०७५ |
| (२८) | गौर नगरपालिकाको दमकल संचालन सम्बन्धी कार्यविधि,२०७५(२९) गौर नगरपालिकाको विपद व्यवस्थापन विधेयक,२०७५ |
| (३०) | गौर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि,२०७५ |
| (३१) | गौर नगरपालिकाको जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी निर्देशिका,२०७५ |
| (३२) | गौर नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्ने विधेयक,२०७५(३३) गौर नगरपालिकाको भवन निर्माण कार्यविधि,२०७५ |
| (३४) | गौर नगरपालिकाको सार्वजनिक बिदा घोषणा सम्बन्धी कार्यविधि,२०७५ (३५) विनियोजन ऐन,२०७६ |
| (३६) | आर्थिक ऐन, २०७६ (३७) गौर नगरपालिकाको कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि,२०७६ |
| (३८) | श्रमिक वर्ग तथा असहायलाई राहत वितरण सम्बन्धी मापदण्ड,२०७६ |
| (३९) | गौर नगरपालिकाको कर्मचारीहरुको अनुशासन,आचरण तथा खटन पटन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक,२०७६ |
| (४०) | सहकारी संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७६ (४१) विनियोजन ऐन,२०७७ (४२)आर्थिक ऐन,२०७७ |
| (४३) | जलस्रोत उपयोग उपभोक्ता समिति दर्ता कार्यविधि,२०७७ (४४) स्वस्थ्य संस्था दर्ता तथा नविकरण सम्बन्धी निर्देशिका,२०७७ |
| (४५) | कर्मचारीको सेवा सुबिधा सम्बन्धी कार्यविधि,२०७७ (४६) विनियोजन ऐन,२०७८ (४७) आर्थिक ऐन, २०७८ |
| (४८) | कर्मचारी समायोजन तथा स्तरबृद्धी सम्बन्धी ऐन,२०७८ |

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| ६. | **सार्वजनिक जग्गाको संरक्षणः-** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबाँयाको रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको छ ।यस नगरपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध समेत गर्नु पर्दछ । यस नगरपालिकाले देहाय बमोजिमको सार्वजनिक सम्पतीको अभिलेख तयार गरी राखेको देखिन्छ ।<br>• सार्वजनिक ऐलानी जग्गाः- ६ बिगहा १० कठ्ठा ६ धुर ८ कनवा<br>• नगरपालिकाको नाममा रहेको जग्गाः- ४ बिगहा,६ कठ्ठा,१४ धुर ६ कनवा<br>• गौर बसपार्कः- १ वटा<br>• मठ मन्दिर तथा मस्जिदः- मस्जीद १० वटा, मन्दिर २२<br>• तालतलैया तथा पोखरीः- २ वटा<br>• नगरपालिका क्षेत्रभित्रका सार्वजनिक शौचालयः- ६ वटा<br>• हाटबजारः- २ ,वटा | |
| ७. | **खर्च खाता सञ्चालनः** नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका २०७६ को बुदाँ ४.२ मा भएको व्यवस्था अनुसार स्थानीय तहको खर्चको लागी कार्य सञ्चालन स्तरमा खाता खोल्नुपर्दा बर्षभरी निरन्तर चालु राखी आर्थिक बर्षको अन्त्यमा शुन्य गरी आगामी आर्थिक बर्षको लागी नविकरण गरेर मात्र खाता सञ्चालन गर्नु पदर्छ । सो प्रयोजनको लागी जोर बर्षमा जोर र बिजोर बर्षको लागि बिजोर अलग अलग खाता खोल्नुपर्ने व्यवस्था उल्लेख छ । जुन आर्थिक बर्षको लागी खोलिएको खर्च खाता हो सोही आर्थिक बर्षको लागी सो खातामा संचित कोषबाट बजेट अनुसार चौमासिक रुपमा ट्रान्सफर गरी प्राप्त निकासा रकम, कारणवस पेश्की प्रदान गरिएको रकम वा अन्य रकम फिर्ता हुन आएका उक्त रकम आर्थिक बर्ष नसकिदै सोही खातामा जम्मा गर्न सकिनेछ । चालु आ.व.को आषाढ मसान्तमा यस्ता खाताहरुमा बाँकी रहेको रकम मध्ये सशर्त, समपुरक र बिशेष अनुदानको प्राप्त रकम सम्वन्धित सरकारलाइ फिर्ता गर्न चेक जारी गनु पर्छ भने समानिकरण, राजश्व बाडफाड, आन्तरिक श्रोत र ऋण रकम भए सचित कोषमा फिर्ता पठाउनुपर्ने व्यबस्था छ । त्यस्तै आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिन बाकी चेकहरु म.ले.प.फा.नं.२२० भरी सम्वन्धित बैंकलाइ श्रावण ३ गते भित्र उपलव्ध गराइ श्रावण १५ भित्र साँटी बाकी रहेको रकम सचितकोष खातामा दाखिला गनुपर्ने व्यवस्था उल्लेख छ । सो व्यवस्था बमोजिम नगरपालिकाले कार्यसञ्चालन स्तरका खाताहरु खोलि सरकारी कारोवार गर्दा नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका पालना गरेको देखिन्छ ।साथै ०७७/०७८ मा खर्च गरी बाँकी रहेको रकम २०७८ असाढ मसान्त भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई देहाय अनुसार फिर्ता गरेको देखिएको छ । | ८४,२७,६८७/०७/- |

| क.सं. | बजेटको स्रोत/तह | स्रोत | विधि | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | सशर्त अनुदान | नगद अनुदान | १,६०,३१,९८५/५६ | २०७८/०३/३१ मा संघीय संचित कोष र प्रदेश संचित कोष खातामा फिर्ता भएको र संघीय सरकारको फिर्ता गर्न बाँकी रकम रु ८४,२७,६८७/०७ रहेको देखिन्छ |
| २ | नेपाल सरकार आन्तरिक ऋण | सशर्त अनुदान | नगद ऋण | २,०६,४१८/- | |
| ३ | ए डि बि /पि बि एल | सशर्त अनुदान | नगद ऋण(बैदेशिक) | ३,१७,२३७/- | |
| ४ | आई डि ए | सशर्त अनुदान | सोधभर्ना हुने ऋण (बैदेशिक) | ५,३६,६५५/- | |
| ५ | एस.एस. डि. पि. | सशर्त अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | १५,२३,६४६/- | |
| ६ | एस.एस. डि. पि. | सशर्त अनुदान | सोधभर्ना ऋण (बैदेशिक) | ४०,७६,८२७/- | |
| ७ | स्वीट्जरल्याण्ड - एस डी सी | सशर्त अनुदान | नगद अनुदान (बैदेशिक) | ७३,०००/२७ | |
| ८ | युरोपियन युनियन | सशर्त अनुदान | नगद अनुदान (बैदेशिक) | २,५४,९८९/- | |
| ९ | प्रदेश सरकार | सशर्त अनुदान | नगद अनुदान | ७१८२३४/- | |
| १० | प्रदेश सरकार | विशेष अनुदान | नगद अनुदान | ६५,६९०/- | |
| | | | कूल जम्माः- | २,३८,०४,६८१/८३ | |

शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
| --- | --- | --- |

८.
- प्राप्ति र भुक्तानी हिसाबमा बर्षान्तको बाकी रु २,५९,८८,६९३/०८ देखिएकोमा खाता अनुसार बैक तथा नगद बाकी रु २,६०,९६,०२१/०८ देखिएकोले फरक दखिएको रकम रु १,०७,३२८/- मध्ये कर्मचारी कल्याण कोष खाताको कर दाखिला हुन बाँकी ४१,९५५/-ग्रामिण उद्यम विप्रेषण आयोजना समृद्धिको चेक साट्न बाँकी रकम १५,७५५/- र जारी भएका साट्न बाँकी चेक फिर्ता रकम ४९,६१८/- गरी जम्मा रकम रु १,०७,३२८/- बैक बढी देखिन्छ ।
- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गरेको देखिन्छ ।

९. **धरौटी तथा कोषहरुः** नगरपालिकाको यस बर्षको धरौटी तथा अन्य कोषमा जिम्मेबारी सरी आएको रकम,आम्दानी र खर्च देहाय बमोजिम रहेको देखिएको छ

| विवरण | धरौटी खाता | प्रकोप व्यवस्थापन | बिबिध कोष | बिबिध खर्च खाता | जम्मा |
| --- | --- | --- | --- | --- | --- |
| शरु मौज्दात | ४४,३१,९३२/३६ | १,६९,५४९/- | ४१,०८,७१८/- | ० | ८७,१०,१९९/३६ |
| यस बर्ष आम्दानी | ३८,४८,९१५/- | ४४,५६,५३७/- | ५१,६३,२९३/- | १,३१,८५,४५९/५० | २,६६,५४,२०४/५० |
| जम्मा | ८२,८०,८४७/३६ | ४६,२६,०८६/- | ९२,७२,०११/- | १,३१,८५,४५९/५० | ३,५३,६४,४०३/८६ |
| यस बर्ष खर्च | १४,२३,१९९/- | ४५,०९,१४५/१७ | ६९,२२,११९/- | १३१६९७०१/५० | २,६०,२४,१३९/६७ |
| बाँकी | ६८,५७,६४८/३६ | १,१६,९४०/८३ | २३,४९,८९२/- | १५,७५५/- | ९३,४०,२६४/१९ |

१०. **न्यायीक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विबाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको गरी कुल ३४ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ

११. **बित्तिय ब्यबस्थापनः** राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्तिय आयोगले आर्थिक बर्ष २०७७।०७८ मा स्थानिय तहले परिचालन गर्ने आन्तरिक ऋणको सिमा तथा उपयोग सम्बन्धी मार्गदर्शन बमोजिम आ.ब. २०७७।७८ मा संघिय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजश्व बाँडफाड र स्थानिय तहको आन्तरीक श्रोतबाट प्राप्त हुने राजश्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरीक ऋण उठाउने ,आन्तरीक ऋणको परिचालन, पुजि निर्माण र दिर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशिल, रोजगारमुलक तथा आन्तरकि आय बढाउने क्षेत्रमा कार्य गर्ने, साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागी आन्तरिक ऋणको उपयोग नगर्ने, ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ र आम्दानी बाट सो परियोजनाको लागी भएको ऋणको साँवा र ब्याँज, भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्ने ब्यबस्था छ । यस नगरपालिकाले बसपार्क निर्माणको लागी २०६७ सालमा नगरविकास कोष नयाँ बानेश्वर सँग ४,०२,०५,५६९।६३ ऋण लिएकोमा सो ऋणको साँवा ब्याज बापत यस बर्ष रु ३८,६२,६२७/- खर्च गरी भुक्तानी गरेको छ।. चालु आर्थिक वर्षमा कुनै किसिमको ऋण लिएको देखिदैन ।

१२. **क्षेत्रगत बजेट र खर्चः-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था अनुसार यस नगरपालिकाको ०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
| --- | --- | --- | --- |
| आर्थिक विकास क्षेत्र | २,३३,८५,२७०/- | ८९,६५,८०२/- | ३८.३४% |
| सामाजिक विकास क्षेत्र | २३,०३,९९,१०८/- | २०,३८,५०,४०१/६३ | ८८.४८% |
| पूर्वाधार विकास क्षेत्र | १२,२३,८०,०७७/- | १०,४२,०८,८५३/- | ८५.१५% |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ७३,०९,१५१/- | ५१,१५,४२३/- | ६९.९८% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४,१४,८६,७४७/- | १३,१०,०३,८६९/२२ | ९२.५९% |
| जम्माः- | ५२,४९,६०,३५३/- | ४५,३१,४४,३४८/८५ | ८६.३१% |
| उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | | | |

**खर्च बिश्लेषणः** गौर नगरपालिकाले यस बर्ष कुल आन्तिरक आय गत वर्षको मौज्दात समेत रु ५,७४,७१,९१०/२५ .राजस्व बाँडफाँड र अनुदानबाट रु ३९,७१,४७,७३१/४९ जनसहभागिता तर्फ रु १,५९,५९,२२९/- समेत रु ४६,९६,२५,१५४/७४ आम्दानी भएकोमा चालु तर्फ रु २९,१७,९०,३८८/८५ र पूँजिगत तर्फ रु १५,९३,५३,९६०/- र बित्तिय ब्यबस्था तर्फ रु २०,००,०००/- समेत रु ४५,३१,४४,३४८/८५ खर्च गरेको देखिन्छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १५/८९ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १,००,८९,००/- खर्च भएको छ जुन आन्तरिक आयको १७/५६ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.३६ प्रतिशत चालु र ३५/१६ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नु पर्ने देखिन्छ ।

१३. **बैक हिसाब मिलान –** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नु पर्ने व्यवस्था छ ।स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैक हिसाब मिलान गरी

शाखा प्रमुख

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|

विवरण तयार गरी राखेको देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग २.१ चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| २ | ग २.३ पूँजिगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ३ | ग-२-६ वित्तिय व्यवस्था खर्च खाता | ० | ० | ० |
| ४ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १,६६,०६ ,४३१/८९ | १६७१३८२९/८९ | १,०७,३९८/- |
| ५ | ग-१.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ६ | ग-१.२ राजश्व बाँडफाँड खाता | ० | ० | ० |
| ७ | ग-१.१ आन्तरिक राजश्व खाता | ० | ० | ० |
| ८ | ग-२.७ विविध खर्च खाता | १५,७८३/- | १५,७५५/- | (२८) |
| ९ | ग ७.२ स्थानीयतह प्रकोप व्यवस्थापन कोष | १,१६,९४०/८३ | १,१६,९४०/८३ | ० |
| १० | ग.५-१ विविध कोष खाता | २३,९१,८४७/- | २३,९१,८४७/- | ०/- |
| ११ | ग.३ धरौटी खाता | ६८,५७,६४८/३६ | ६८,५७,६४८/३६ | ० |
| | जम्मा:- | २,५९,८८,६५१/०८ | २,६०,९६,०२१/०८ | १,०७,३७०/- |

नोटः- फरक रकम कर्मचारी कल्याण कोषको करकट्टी दाखिला हुन बाँकी रु ४६,५१९/- ग्रामिण उद्यम विप्रेषण आयोजना समृद्धिको चेक साट्न बाँकी रकम १५,७५५/- र जारी भएका साट्न बाँकी चेक फिर्ता रकम ४५,०९६/- गरी जम्मा रकम रु १,०७,३७०/- बैंक बढी देखिन्छ र विविध खर्च खाताबाट बैंक कमिशन कट्टी भएको रकम रु २८/- खर्च जनाउन बाँकी तथा २०७८ असाढ ३० गते भित्र जारी भएका चेकहरु मध्ये साट्न बाँकी चेक फिर्ता हुन आएको रकम ६०,८५१/- फरक देखिन्छ ।

१४. **राजश्व खाता सञ्चालनः** नेपाल राष्ट्र बैंकको सरकारी कारोबार निर्देशिका २०७६ बुदा नं. ४.१ मा स्थानिय तहले प्राप्त गर्ने सबै प्रकारको राजश्व,अनुदान तथा वित्तिय व्यवस्था बापतको रकमहरु शुरुमा ग- १ समुह अन्तरगतको खातामा जम्मा गनु पर्ने व्यवस्था उल्लेख छ, ग-१ खाताहरुमा रकम जम्मा गर्न मिल्ने तर खर्च लेख्न नमिल्ने हुदा स्थानीय तह संचित कोष खातामा खाता सञ्चालकको संयूक्त दस्तखतबाट बैंक आदेश बमोजिम ट्रान्सफर गरिने व्यवस्था रहेकोमा यस नगरपालिकाले निर्देशिका बमोजिम सबै खाताहरु राष्ट्रिय वाणिज्य बैंक शाखा गौरमा खोली प्राप्त भएका रकमहरु निर्देशिका बमोजिम कोषमा दाखिला गरेको देखिन्छ ।

१५. **लक्ष्य प्रगतिको स्थितिः**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रिय स्तरीय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची–२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको छ। यस वर्ष सञ्चालित सारभूत कार्यक्रम÷क्रियकलापको विवरण देहायबमोजिम रहेका छन् M

| कार्यक्रम÷ क्रिय कलापको नाम | गर्नु पर्ने कामको परिमा | कार्य भएको कामको परिमाण | खर्च प्रगति प्रतिशत | प्रगति हुन नसक्नुको कारण |
|---|---|---|---|---|
| प्रदेश सरकार शशर्त अनुदान | ४ | ४ | ९४/८६ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा राजश्व संकलन न्यून हुनुका साथै विकास निर्माण सामाग्री तथा कामदारको समेत समस्या हुन गएकोले शतप्रतिशत प्रगति हुन सकेको देखिएन । |
| संघीय सरकार शशर्त अनुदान | १५ | १४ | ६२/५६ | |
| नगरपालीका पुजिगत | २०६ | १८९ | ९१/०२ | |
| जम्मा:- | २२५ | २०७ | ८०.९९ | |

१६. **चौमासिक पूँजीगत खर्चः**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २१% दोस्रो चौमासिकमा २२%, तेस्रो चौमासिकमा ६८% र आषाढ महिनामा ३४% खर्च भएको देखिएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | प्रदेश सरकार सशर्त अनुदान | ७४,०७,४३४/- | ० | ० | ७४,०७,४३४/- | ७४,०७,४३४/- |
| २ | संघीय सरकार सशर्त अनुदान | ३,०५,९३,६७७/- | ३३,४३,५८२/- | ६९,६७,७५८/- | २,०२,८२,३३७/- | १,२८,०३,०७२/- |
| ३ | नगरपालिका पुजिगत | ११,८४,१८,५३९/- | १,३६,१३,४५८/- | ४,३२,२१,७८२/- | ६,१५,८३,२९९/- | २,९७,५०,३०८/- |
| | कूल खर्च: | १५,६४,१९,६५०/- | १,६९,५७,०४०/- | ५,०१,८९,५४०/- | ८,९२,७२,०७०/- | ४,९९,६०,८१४/- |
| | खर्च प्रतिशत | १०० | १०.८४ | ३२.०८ | ५७.०८ | ३२ |

१७. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। यस नगरपालिकामा श्रेणी बिहिन कर्मचारी बाहेक प्रमुख प्रशासकीय अधिकृत

शाखा प्रमुख

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| | सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा आन्तरिक लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.,इ.अधिकृत, शिक्षा अधिकृत लगायत २८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्यसम्पादनमा असर पर्ने स्थिति देखिएकोले कार्यपालिकाले रिक्त दरवन्दीमा सेवा करारमा जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह संचालन भई रहेको देखिन्छ । अतः रिक्त दरवन्दीमा पदपूर्ति गरी नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| १८. | **कर्मचारी करारः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारवाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यस नगरपालिकाले अत्यावश्यक सेवा प्रवाह तथा कार्य संचालनको लागि गौर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७४ बमोजिम जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह तथा कार्य संचालन गरेको देखिन्छ । | |
| १९. | **राष्ट्रिय भवन संहिताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत वनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई नगरपालिकाले कार्यान्वियनमा ल्याएको छ । | |
| २०. | **फोहोरमैला व्यवस्थापनः-** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । स्थानीय तहले फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण गरेको छैन् । फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ । | |
| २१. | **कर तथा शुल्क असुलीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर र घरजग्गा कर | २५००००० | १४८६५११ | ५९.४६ |
| घरजग्गा वहाल कर | १२००००० | १०५३५०७ | ८७.७९ |
| व्यवसाय कर | ३२००००० | ३३४५७३० | १०४.५५ |
| वहाल विरौटी शुल्क | ३००००० | ० | ० |

नगरपालिकाले नगरक्षेत्रभित्र व्यवसाय संचालन गर्ने व्यवसायीहरु,घरजग्गाकर,सम्पतीकर,मालपोत तथा भुमीकरको लगत तयारी गरी करदाताहरुको लगत व्यवस्थापनको लागि आय सफ्टवेयर संचालनमा ल्याएको देखिन्छ ।

| दफा | व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | **मनोरञ्जन कर** - प्रदेस सरकार प्रदेश नं. २ आर्थिक ऐन २०७७ बमोजिम प्रदेश भित्र मनोरञ्जन स्थल सिनेमा हल,नाचघर, अपेरा ,थियेटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन कर अनूसूचीमा तोकिए बमोजिम प्रवेश शुल्क नगरपालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आ.व.०७७/०७८ मा मनोरन्जन कर असूल गरेको देखिएन । | |
| २३. | **बिज्ञापन करः** प्रदेस सरकार प्रदेश नं. २ आर्थिक ऐन २०७७ बमोजिम प्रदेश भित्र राखिने होडिङग बोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड,ग्लो बोर्ड, डिजिटल बोर्ड,स्टल, धातुको फ्रेम आदीको बिज्ञापनमा नगरपालिकाले विज्ञापन कर संकलन गरी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने र बाँकी ६० स्थानीय तहले राखु पर्ने ब्यबस्था छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७७।७८ मा यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २४. | **आन्तरिक आय असुलीः-** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने व्यबस्था छ । नगरपालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको देखिन्छ | ४,९७,१५८/- |

| वडा | आम्दनी | दाखिला | असुल गर्नुपर्ने |
|---|---|---|---|
| १. | ४,१४,०१६/- | ४,१४,०१६/- | ० |
| २. | ४,५४,०५२/- | ४,५४,०५२/- | ० |
| ३. | ४,०१,२०५/- | ४,०१,२०५/- | ० |
| ४. | ८,१६,९४९/२५ | ८,१६,९४९/२५ | ० |
| ५. | ६,९३,३५६/४० | ६,९३,३५६/४० | ० |
| ६. | १,९४,६२२/- | १,९४,६२२/- | ० |
| ७. | ३,२४,६५९/- | १९८३९२/- | १२६२६७/- |
| ८ | २,६६,४१३/- | २,१०,८२२/- | ५५,५९१/- |
| ९. | ३,५९,९७९/- | ३५९९७९/- | ० |
| कार्यालय | ६६,७५,७०१/- | ६६,७५,७०१/- | ० |
| व्यवसाय कर संकलन टोली परिचालनबाट संकलित रकम | ३१,१५,३००/- | २८,००,००० | ३,१५,३००/- |
| जम्माः- | १,३७,१६,२५२/६५ | १,३२,१९,०९४/६५ | ४,९७,१५८/- |

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|

२५. **पेस्की** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र आर्थिक कार्यविधि नियमावली (५), २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिए बमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु

| मित | पेश्की लिनेको नाम | वापत | पेश्की रकम |
|---|---|---|---|
| २०७७/०७/२५ | केशव कुमार | शहिद दिवश कार्यक्रम | २५,०००/- |
| २०७७/०९/१५ | रामदरेश प्रसाद | अदालतको दस्तुर वापत | ६३,०००/- |
| २०७७/०९/२० | तुलसी पासवानको घरदेखी नरेश दासको घरसम्म सडक तथा नाला निर्माण | सडक निर्माण | २,८५,०००/- |
| २०७७/११/१४ | जीतेन्द्र कुमार भारती | लघु उद्यम कार्यक्रम खर्च | ६५,०००/- |
| २०७८/०३/१३ | दिनबन्धु प्रसाद यादव | मातृ तथा नवशिशु कार्यक्रम | ३,१०,०००/- |
| २०७८/०३/१३ | गणेश बहादुर गिरी | वैकल्पिक शिक्षण कार्यक्रम | १,२७,०००/- |
| २०७८/०३/२९ | गणेश बहादुर गिरी | वैकल्पिक शिक्षण कार्यक्रम | १,३८,०००/- |
| | | जम्मा:- | १०,१३,०००/- |

बेरुजू रकम: १०,१३,०००/-

२६. **बिद्युतिय खरिद प्रणालीको प्रगोग**ः विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ को बुदा ३५ मा सार्वजनिक निकायले आवश्यक ठानेमा जति सुकै रकमको खरिद कार्य बिद्युतिय खरिद प्रणालीको प्रयोग गरेर गर्न सक्ने र साठी लाख रुपैया भन्दा बढी रकमको निर्माण कार्य गर्दा बिद्युतिय खरिद प्रणालीको समेत प्रयोग गनुपर्ने तर बिस लाख रुपैया वा सो भन्दा बढिको परामर्श सेवा, दुइ करोड रुपैया भन्दा बढिको निर्माण कार्य तथा साठी लाख रुपैया भन्दा बढिको मालसामान खरिद गर्दा अनिबार्य रुपमा बिद्युतिय खरिद प्रणालीको प्रयोगबाट मात्र गनुपर्ने व्यवस्था छ ।नगरपालिकाले यस वर्ष विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम देहाय अनुसारको खरिद कार्य गरेको देखिन्छ ।

| क्र.सं. | कामको विवरण | टेण्डर बिक्री | टेण्डर दर्ता | लागत अनुमान | सकार रकम (मू.अ.कर बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायकि विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि स्यानिटरी प्याड खरिद गर्ने कार्य । | १७ | १७ | १९७००००/- | १०६३०१२/- | ५३.९६% |
| २ | नगर क्षेत्रमा विद्युत जडान गर्ने कार्य । | ८ | ८ | ३११४१७०/- | १७५८०७०/- | ५६.४५% |
| ३ | वडा नं. ५ मा नाला निर्माण गर्ने कार्य । | ८ | | २५४३१००/७३ | ११२२०३९/- | ४४.१२% |
| ४ | वडा नं. ८ मा बाल उद्यान निर्माण गर्ने कार्य । | ८ | ७ | ८६६९४५६/३८ | ४४८४५०६/- | ५१.७२% |
| ५ | गौर भन्सार नजिक हेप्पडेस्क अस्पताल निर्माण गर्ने कार्य। | ८ | ७ | ४३२१७००/६६ | २४१८२७६/६४ | ५५.९५ |

२७. **पदाधिकारी सुविधाः**-स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरे पश्चात प्रदेश २ सरकारले प्रथम संशोधन गरी २०७७ मा राजपत्रमा प्रकाशन गरेको पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसुचि १ मा उल्लेख भएको सूविधा वमोजिम आ.व.२०७७/०७८ मा रु १,००,८९,०००/- पारिश्रमिक सुविधामा खर्च लेखेको देखिन्छ ।

२८. **आर्थिक सहायतः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर यस नगरपालिकाले विपन्न तथा गरीबहरुको औषधी उपचार तथा विपद पिडितहरुको लागि आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धी कार्यविधि २०७५ बमोजिम आ.व.२०७७/०७८ मा रु ५,०३,५००/- आर्थिक सहायता वितरण गरेको पाइयो ।आगामी दिनमा यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्ने देखिन्छ ।

२९. **विपद् व्यवस्थापन कोष**:-विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन२३को दफा २०७४ , मा विपद् व्यवस्थापनको लागि प्रत्येक (१४) लन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको पन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चास्थानीय तहमा विपद् व्यवस्था नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । नगपालिकाले आफ्नै बजेटबाट चालु आ.व.मा रु ४४,५६,५३७/- र गत आ.व.को मौज्दात रु १,६९,५४९/-समेत गरी र .४६,२६,०८६/- आम्दानी प्राप्त गरेकोमा कोभिड नियन्त्रण तथा रोकथामका लागि आवश्यक सामाग्री (मास्क,सेनिटाईजर, तथा औषधीजन्य सामाग्री खरिद तथा व्यवस्थापन)अस्थायी कोभिड अस्पताल संचालनका लागि आवश्यक सामाग्री तथा कर्मचारी व्यवस्थापन समेतमा रु ४५,०९,१४५/१७ खर्च गरेको गरी रु १,१६,९४०/८३ बैक मौज्दात बाँकी रहेको देखिन्छ ।

३०. **विपद व्यवस्थापनः**- हालसम्म कोभिड-१९ माहामारी पूर्ण रुपमा नियन्त्रणमा आई नसकेको र नागरिकको जीवन रक्षाका साथै माहामारीलाई नियन्त्रण गर्न नगरपालिकाले गरिव तथा विपन्न नागरिकहरुलाई राहत वितरण र भ्याक्सिनको व्यवस्थापनमा अझ सक्रिय भई कार्य गर्नु पर्ने चुनौती रहेकोले आवश्यक कार्यहरु निरन्तर गर्नु पर्ने देखिन्छ ।

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| ३१. | **कल्याण कोषः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालिकाले यस वर्ष आन्तरीक श्रोत बाट कर्मचारी कल्याण २०,००,०००/ विनियोजन गरेता पनि कर्मचारी कल्याण कोष खातामा ट्रान्सफर गरेको देखिएन, साथै आ.व.०७७/०७८ मा कर्मचारी निवृत सुविधा,मृतक कर्मचारीको सुविधा र कर्मचारी कल्याण कोष विनियमावली बमोजिम कर्मचारीहरुलाई ऋण सापटी शिषर्कमा रु ६८,९८,६४७/- खर्च लेखेकोमा भुक्तानीमा कट्टी भएको कर रकम दाखिला गर्नु पर्ने देखिएको छ । | ४१,९५५/- |
| | **शसर्त अनुदान शिक्षा तर्फ** | |
| ३२. | **पाठ्य पुस्तक अनुदान खर्चः-** कार्यक्रम कार्यान्यन पुस्तिका २०७७/७८ मा उल्लेख भए अनुसार विधार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र बितरण गरेको आधारमा थप निकासा दिने व्यवस्था छ । यस नगरपालिका कार्यालयले १६ वटा सामुदायिक विधालयहरुमा पाटयपुस्तक खरिदका लागी आ.बा. २०७७/७८ मा ३६,२१,७८०/- निकासा दिएको देखिन्छ । | |
| ३३. | **छात्रवृत्ती अनुदान खर्चः-** कार्यालयले आवसिय तथा गैर आवासिय छात्रवृतिवापत ०७७/०७८ मा विद्यालयलाई रु २६,५२,७५०/- विद्यालयको खातामा जम्मा गरि दिएकोमा बिदधालयले बितरण गरेको रकमको अनुगमन मूल्याङ्कन प्रतिवेदन लिनुपर्ने देखिन्छ । | |
| ३४. | **दिवा खाजाः-** कार्यालयको वार्षिक कार्यक्रम अनुसार तोकिएको लक्षित समूहको बाल वालिकाहरुका लागि प्रतिदिन रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ । यस नगरपालिकाले आ.व.०७७/०७८ मा रु ५८२६१६५।०० दिवा खाजा वापत उपलब्ध गराएकोमा बिधालयहरुले उक्त रकम बितरण गरेको खाजा खुवाएको बिधार्थी उपस्थितीको हाजिर उतार प्रतिलिपी प्रमाणित गरी पठाएको देखिएन । अत नगरपालिका कार्यालयले बिधालयको खातामा निकासा दिएको दिवा खाजा वापतको रकमको प्रमाण पेश गर्न लगाउनु पर्दछ । | |
| ३५. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउने तथा सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र आ.व.०७७/०७८ मा यस नगरपालिकाको ९ वटा वडामा १७६ जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई रु ९०,९८,००० श्रमिक ज्यालामा खर्च गरी लक्षित वर्गमा अल्पकालीन रोजगारी श्रृजना गरेको देखिन्छ । | |
| ३६. | **सामाजिक सुरक्षा कार्यक्रमः-** जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा खर्चः– सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था मबोजिम यस नपालिकाले आर्थिक बर्ष २०७७/७८ मा ९ वडामा रु ७,२२,४०,२७६/-बितरण गरी खर्च गरेको देखिन्छ भने लाभग्राहीको खातामा रिभरफिड गरी रकम जम्मा गरेको विवरण संलग्न गरी राखेको छ । | |
| ३७. | **सडकबोर्ड नेपालबाट संचालित कार्यक्रमः-** सडकं बोर्ड नेपाल र यस नगरपालिका संयुक्त लागनीमा चालु वर्षमा सडक तथा नाला निर्माण कार्यको लागि सडक बोर्ड नेपालबाट ८७,९४,८६२/- प्राप्त भई स्वीकृत योजना अननुसार खर्च गरेको देखिन्छ । | |
| ३८. | **ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको कार्यक्रमः-** ग्रामिण उद्यम तथा विप्रेषण आयोजना ईटहरी र यसनगरपालिकाको संयुक्त लगानीमा सुरक्षित बैदेशिक रोजगार कार्यक्रम संचालन रहेकोमा आयोजनाबाट प्राप्त रकम रु १२,८९,६९२/- आप्रवासन सम्वन्धी विविध कार्यक्रम तथा कार्यालय संचालनमा खर्च लेखेको छ भने नगरपालिकाबाट आप्रवासी स्रोतकेन्द्र निर्माण कार्यमा रु ७,००,०००/- खर्च गरेको देखिन्छ । | |
| ३९. | **स्वास्थः-**स्वास्थ्य तर्फका कर्मचारीहरुको तलबि प्रतिवेदन पारित भएको नदेखिएकोले तलव भत्ता सम्वन्धी यथार्त खर्च एकिन गर्न कठिनाई हुने भएकोले समयमानै तलवी प्रतिवेदन पारित गर्ने तर्फ ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| ४०. | **जिन्सी व्यवस्थापनः-** कार्यालयको जिन्सी माल सामानहरुको सुरक्षित व्यवस्थापन तथा जिन्सी श्रेस्ता सुदृढीकरण गर्न आवश्यक देखिएकोले नेपाल सरकारबाट तयार भएको जिन्सी व्यवस्थापन प्रणाली **(PAMS)** संचालनमा ल्याउनु पर्ने देखिन्छ । | |
| ४१. | नगरपालिकाले नगरसभाबाट स्वीकृत बार्षिक कार्यहरुहरु समयमानै सम्पन्न गर्न कार्ययोजना तयारी गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । | |
| ४२. | विगत वर्षहरुमा आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षणबाट औल्याईएका पेश्की तथा बेरुजुहरु फर्छ्योट गरी बेरुजु शून्य गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४३. | नगरपालिकाको यथार्थ बस्तु स्थिति झल्किने गरी नगर प्रोफाईल तयारी गर्नु पर्ने देखिन्छ । | |
| ४४. | कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा गुणस्तरियता कार्यम गर्न क्षमता अभिबृद्धि सम्बन्धी तालिम कार्यक्रम संचालन गर्नुका साथै उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गरी काम प्रति अझ क्रियाशिल बनाउनु पर्ने देखिन्छ । | |
| ४५. | नगरपालिकाको आन्तरिक आय न्यून देखिएकोले विकास निर्माण कार्यमा उल्लेखेनिय रुपमा प्रगती हुन नसकेकोले आगामी दिनहरुमा आन्तरिक आयका दायरा बृद्धि गरी आन्तरिक आयमा बृद्धि हुन सकेमा नगरको विकासमा टेवा पुग्ने देखिन्छ । | |

अन्तमा आन्तरिक लेखा परीक्षण कार्यमा कार्यालय समयको अतिरिक्त समयमा समेत खटी आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न गर्न सहयोग गर्नु हुने आर्थिक प्रशासन शाखाका कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

दस्तखतः- ------------------------

आ.ले.प.गर्नेको नामः-सरोज कुमार लालदास

पदः-व.आन्तरिक लेखा परीक्षण अधिकारी

मितिः-२०७८/०४/३१

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शा